आज मिति २०७९ साल असार ३ गते शक्रवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु:**

प्रस्ताव नं १ : २०७९ जेठ २५ को बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं २ : प्रदेश लोक सेवा आयोगको कर्मचारी समायोजन, स्तरबृद्धि सम्बन्धि पत्र सम्बन्धमा ।

प्रस्ताव नं ३ : विपद् व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं ४ : नीति कार्यक्रम तथा बजेट कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं ५ : विद्यालय प्रतिनिधि मनोनयन सम्बन्धमा ।

प्रस्ताव नं ६ : अत्यावश्यक विपद्जन्य कार्यमा रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं ७ : कार्यविधि संशोधन सम्बन्धमा ।

प्रस्ताव नं ८ : छाब्दी बेलिब्रिज संरक्षण सम्बन्धमा ।

प्रस्ताव नं ९ : दरबन्दी परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं १० : आगामी बैठक सम्बन्धमा ।

प्रस्ताव नं. ११ : खर्च अनुमोदन सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुदाँ २०७९ जेठ २५ को बैठकका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुदाँ प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशबाट मिति २०७९/२/५ गते चं.नं २७७ समायोजन, स्तर बृद्धि लगायतका काम कारवाही बदर गरिएको भनी यस नगरपालिकाका नाउँमा प्रेसित परिपत्र २०७९/२/२५ गते प्राप्त भएकाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ बमोजिम यस स्थानीयतहका कर्मचीहरुको समायोजन बृद्धि परिपत्र अनुसार बदर गरिएको छ । यस स्थानीयतहका कर्मचारीहरुको नगरपालिकामा र तत्कालिन जिल्ला विकास कार्यालयमा लामो सेवा गरी राज्य पुर्नसंरचना पछि यस नगरपालिकामा समायोजन भई आएका र लामो समयसम्म स्तरबृद्धि हुन नसकेको परिप्रेक्षमा २०७८/३/२३ गते पारित ऐनलाई कानूनी प्रावधान अनुसार प्रदेश लोक सेवा आयोगसँग परामर्श लिई पुन: नगर सभामा पेश गर्ने र समायोजन, स्तरबृद्धि समेतका लागि प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ को उपदफा ५ को (क) र (ख) बमोजिम प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशसँग परामर्श माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुदाँ हाल आएको वर्षाद्ले नगरपालिकाभित्र विभिन्न सार्वजनिक संरचना, व्यक्तिगत धनजनमा पुगेको क्षतिलाई तत्काल संम्बोधन गर्न वडा अध्यक्षको अध्यक्षतामा रहने वडागत विपद् समितिबाट प्राविधिक सहित स्थलगत निरीक्षण गरी अत्यावश्यक, तत्काल पुर्नस्थापना गर्न गराउन वडाहरुलाई जिम्मेवारी तोक्ने निर्णय गरियो । अत्यावश्यक खर्चहरुको विपद् अन्तर्गत मुल्याङकन समेतका आधारमा भुक्तानी दिने समेत निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुदाँ वडागत योजना प्रस्तावहरु र नगरस्तरीय प्रस्तावित योजनाहरु वजेट कार्यक्रम तर्जुमा समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुदाँ नगरपालिकाका वडाहरुमा सञ्चालित सामुदायिक विद्यालयहरुमा वडा समितिका सदस्यहरु मध्येबाट नगरपालिका प्रतिनिधि मनोनयन गरी पठाउन सम्बन्धित वडा समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुदाँ देहाय बमोजिमका विपद् लगायतका अत्यावश्यक कार्यमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.न | कार्यक्रमतथा योजनाको नाम | वडा नं. | विनियोजित रकम (रु) | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | बिलाउने सार्वजनिक पार्टि संरक्षण तटबन्धन | ८ | २,२५,०००।- | विपद् |

| | | | | |
|---|---|---|---|---|
| २ | बेल्टारी मार्गमा घर जोखिम नियन्त्रण | १० | २,००,०००।- | विपद् |
| ३ | कलेस्ती पुल संरक्षण | १० | १,५०,०००।- | विपद् |
| ४ | चिजकुमार श्रेष्ठ, खोर संरक्षण | ११ | ८०,०००।- | विपद् |
| ५ | चिन्नेपानी खानेपानी योजना मोटर खरिद | १३ | ५५,०००।- | विपद् |
| ६ | विभिन्न बाटो, कुलो व्यवस्थापनका लागि ह्युमपाईप खरिद | | ५,००,०००।- | विपद् |
| ७ | भन्सार युवा परिवार, फुटवल प्रतियोगिता सहयोग | | ३०,०००।- | विपद् |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुदाँव्यास नगरपालिका टोल विकास संस्था सञ्चालनकार्यविधि, २०७७को संशोधन प्रस्तावपारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुदाँ  छाब्दी खोला बेलीब्रिजको फाउण्डेसनमा बाढीले असर गरी जोखिम भएकाले प्रस्तावित रु.१६,५०,७०९।- को ल.ई अनुसार सहयोग पुऱ्याउन तनहुँ विद्युत परियोजनामा अनुरोध गर्ने र तत्काल अत्यावश्यक संरक्षणका लागि जालीभर्ने काम समेतमा व्यास नगर विपद् कोषबाट रु. ५,००,०००।- (पाँचलाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुदाँ निर्मल मा.वि. मा कार्यरत सामाजिक विषयका शिक्षक श्री कमलभक्त पोखेलको स्वेच्छिक अवकासका कारण मिति २०७९/०१/०९ गतेबाट लागू हुनेगरी राजिनामा स्वीकृत भएकाले सो रिक्त सामाजिक दरबन्दीलाई विद्यालयको आवश्यकतालाई महसुस गरी विद्यालय व्यवस्थापन समितिको मिति २०७९/०२/०८ को निर्णय अनुसार सो सामाजिक विषयको दरबन्दीलाई विज्ञान विषयको दरबन्दीमा परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुदाँ २०७९/०३/०७ गतेसम्म विषयगत समिति र वजेट कार्यक्रम तर्जुमा समितिको बैठक सम्पन्न गर्न निर्देशन दिने र नीति कार्यक्रम तथा वजेट कार्यक्रमको कार्यपालिकाबाट अन्तिम रुप दिन २०७९/०३/०८ गते १:०० वजे बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुदाँ २ नं. वडा कार्यालयको बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रममा भएको खर्च रकम रू.६८,३००/- अनुमोदन गर्ने निर्णय गरियो ।